# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
०८८-४०११४६,९८५७८२६१११
ito.chaurjaharimun@gmail.com


**साना व्यवसायीक कृषि उत्पादन केन्द्र बाख्रा विकास (पकेट) कार्यक्रमको निरन्तरताको लागि प्रस्ताव आव्हानको सूचना।**

**(दोस्रो पटक प्रकाशित मिति:-२०८०/१०/११)**

चौरजहारी नगरपालिकाको आर्थिक बर्ष २०८०/०८१ मा स्वीकृत आर्थिक ससर्त कार्यक्रम अनुसार आर्थिक बर्ष २०७९/०८० मा स्थापना भएका प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना साना व्यवसायीक कृषि उत्पादन केन्द्र बाखा विकास (पकेट) कार्यक्रमको निरन्तरताको लागि गत आ.व. मा सञ्चालन भएको स्थान तथा कृषक समूह, सहकारी, समिति र फर्महरूले लागत सहभागितामा ५० प्रतिशत अनुदानमा कार्यक्रम सञ्चालन गर्नु पर्ने भएकोले इच्छुक कृषक समूह कृषक सहकार्य समूह/ सहकारी/ समिति: फर्महरूले आवश्यक कागजात सहित मिति २०८० माघ १७ गतेभित्र यस चौरजहारी नगरपालिका आर्थिक विकास शाखामा आवेदन दर्ता गर्न यो दोस्रो पटक सूचना प्रकाशन गरिएको छ। थप जानकारीका लागि आर्थिक विकास शाखा वा पशु सेवा केन्द्रमा सम्पर्क गर्न सकिनेछ।

तपसिल:-

| क्र.सं. | कार्यक्रमको नाम | इकाइ | बजेट रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | आ.ब. २०७१/०८० मा आधुनिकिकरण परियोजना साना व्यवसायीक कृषि उत्पादन केन्द्र बाख्रा विकास (पकेट) कार्यक्रमको निरन्तरता | १ पटक | ७०२०००/- | |

निवेदन साथ पेस गर्नुपर्ने कागजातहरू:

१. अनुसूची - १० अनुसारको आवेदन फाराम।
२. गत आर्थिक वर्षको प्रगति प्रतिवेदन।
३. सम्बन्धित निकायमा कृषि समूह सहकारी/संस्था/समिति/ कृषि फार्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि।
४. स्थायी लेखा दर्ता प्रमाणपत्र र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि।
५. कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा जमीन) को स्वामित्य खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौता पत्र।
६. निवेदकको नागरिकता का परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।
७. कृषक समूह: समिति/ सहकारीको हकमा कार्य समितिको निर्णयको प्रतिलिपि।
८.सम्बन्धित वडा कार्यालयको सिफरिस।

...........................
राम बहादुर सुनार
नि. प्रमुख प्रशासकीय अधिकृत